स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको सम्मान गरौं ।
- सलाई, लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाँउमा नराखौं ।
- हावाहुरी चलेको बखत भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।



कर्णालीको रहनसहन र जीवनशैलीलाई लिएर तयार पारिएको चलचित्रमा जनयुद्धमा बेपत्ता पारिएको बाबुको परिवारमा छोराले शिक्षक बन्न गरेको संघर्षको कथामा प्रदीप खड्कालाई देखाइएको छ। बिनिस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको चलचित्रमा राजेश श्रेष्ठको छायाङ्कन, जीवन थापाको सम्पादन, सुवास भुषाल, दिपक शर्मा, तारा प्रकाश लिम्बु र एलिस कार्कीको सगीत छ। विदेशमा नायक प्रदीप खड्काको राम्रो क्रेज रहेको र धेरैले उनको अभिनय हेर्न चाहेकोले पनि चलचित्र ‘प्रकाश’ ओटिसिटमा ल्याइएको हो ।

प ५ र क

**आजको विचार...**



विपद्...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल

गायन रियालिटी शो ‘भ्वाइस अफ नेपाल ४’को सेमिफाइनलबाट बाहिरि एका भुटानी मुलका गायक रिहान गिरी अब फिल्मको हिरो बन्ने भएका छन् । उनले फिल्म‘होस्टेल’को तेस्रो श्रृंखलाबाट अभिनय करिअर सुरु गर्न लागेका हुन् ।



लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❐ वर्ष २९ ❐ अंक ३०७ ❐ २०८१ जेठ २४ गते बिहिबार 6 June 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### प्रधानमन्त्री मोदीले दिए राजीनामा

(रासस/एएनआई)

**नयाँदिल्ली**, जेठ २३/प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय जनता पार्टीको नेतृत्वमा नयाँ सरकार गठन गर्नका लागि राष्ट्रपति द्रौपदी मुर्मुलाई आफ्नो सरकारका मन्त्रीपरिषद् सदस्यसहित सरकार प्रमुखका रूपमा आफ्नो पदबाट राजीनामा पेस गरेका छन् । राजिनामासँगै सन् २०१९ देखि २०२४ सम्म चलेको १७ औं लोकसभा विघटनको लागि मार्ग प्रशस्त गर्नेछ । राष्ट्रपतिले राजीनामा स्वीकार गर्दै प्रधानमन्त्री मोदी तथा मन्त्री परिषद्लाई नयाँ सरकारले पदभार ग्रहण नगरेसम्म पुरानै जिम्मेवारी जारी राख्न निर्देशन दिएका छन् ।

राजधानी दिल्लीमा बुधबार बसेको भारतको संघीय सरकारको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिलाई राजीनामा पेश गरी नयाँ सरकारका लागि मार्ग प्रशस्त गर्ने निर्णयपश्चात प्रधानमन्त्रीले राजीनामा दिएका हुन् । प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको बैठकमा जुन १६ मा कार्यकाल समाप्त हुने मन्त्रिपरिषद् विघटन गर्न सिफारिस गरिएको छ । स्रोतका अनुसार तेलुगु देशम पार्टी ‘टीडीपी’ र जनता दल-युनाइटेड ‘जेडीय’ को नेतृत्वले सरकार गठनका लागि सहयोग गर्ने संकेत दिएका कारण भारतीय जनता पार्टी ‘भाजपा’ को नेतृत्वमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन ‘एनडीए’ सरकार गठन र प्रधानमन्त्रीको शपथ ग्रहण समारोह जुन ८ का लागितय गरिएको छ । बुधबार अपरान्ह हुने गठबन्धनको बैठकपछि दुवै पार्टीले भाजपालाई औपचारिक समर्थन पत्र बुझाउने सहमति भएको बताइएको छ । भारतीय जनता पार्टी ‘भाजपा’ को नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन ‘एनडीए’ का नवनिर्वाचित सांसदहरूको बैठक जुन ७ मा राजधानीमा हुने र सरकार गठनका लागि छलफल हुने भाजपा स्रोतले बताएको छ ।

## रोजगारीको वातावरण सिर्जना गर्न

# बुटवलमा ‘श्रमाधान रोजगार मेला’

हाम्रा संवाददाता

**बुटवल**, जेठ २३ /श्रमिक र रोजगारदाताहरूलाई जोड्ने योजनासहित लुम्बिनी प्रदेशको बुटवलमा श्रमाधान रोजगार मेला बुधबारदेखि सुरु भएको छ । नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग पर्यटन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल उद्योग परिसंघ र बुटवल उपमहानगरपालिकाको संयुक्त आयोजनामा मेला सुरु भएको हो ।

मेला आज सकिदै छ । आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने श्रम र रोजगारको क्षेत्रमा रहेका बहुआयामिक समस्याहरूलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीको लागि अनुकूल वातावरण सिर्जना गर्ने उद्देश्यसहित नेपाल सरकारले देशका सातै प्रदेशमा श्रमाधान रोजगार मेला गर्ने कार्यक्रमअनुसार बुटवलमा लुम्बिनी प्रदेशस्तरीय मेला सुरु भएको हो । मेलाको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले उद्घाटन गरेका हुन् । मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले नेपालमा रोजगारीको अवसर हुँदा हुँदै पनि युवा विदेशमा रोजगारीमा जाने गरेको बताउँदै अब नेपालमै रोजगारीको अवसर सिर्जना गर्न रोजगारदाता र श्रमिकले पहल गर्नुपर्ने बताए । उनले रोजगारदाता र श्रमिकबिचको खाडल गहिरो रहेको बताउँदै त्यसलाई कम गरेर नेपालमै रोजगारी खोज्न श्रमाधान रोजगार मेलाले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले हाम्रा विश्वविद्यालयले अब सिपमा आधारित शिक्षा दिनुपर्ने बताए । मास्टर डिग्री गरेका युवाहरु सीप नभएकै कारण




नेपालमा काम नपाउँदा विदेश पलायन हुन बाध्य भइरहेकोले अब सिपमा आधारित शिक्षामा जोड दिनुपर्ने उनले बताए । बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सुरु भएको मेला बिहीबारसम्म सञ्चालन हुनेछ । मेलामा ४० वटा स्टल रहेका छन् । जसमा बायोडाटा निर्माण, सिकाईसम्बन्धी उद्योग व्यवसाय तथा रोजगारदातासँग सम्बन्धित स्टलहरू वैदेरोजगार कल सेन्टरलगायत सरकारी तथा निजी क्षेत्रका स्टलहरू छन् । मेलामा श्रम र रोजगारसँग सम्बन्धित विषयमा रहेर कार्यशाला गोष्ठी, अन्तर्क्रिया र छलफल हुनेछ । मेलाको पहिलो दिन श्रम आप्रवासन: कानुनी प्रक्रिया र मनेसामाजिक प्रभाव, यातायात रोजगारीका चुनौती र अवसरहरू, अबको यात्रा योगदानमा आधारित सामाजिक सुरक्षा विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो । मेलाको दोस्रो दिन विहीबार शिक्षा र रोजगारी बिचको सेतु: कार्यस्थलमा सिकाइको प्रयोग, पर्यटनले कोर्नुपर्ने अबको बाटो र श्रम कानुनका अफ्ठेयाराहरू र फुकाउनुपर्ने गाँठो विषयमा छलफल तथा अन्तर्क्रिया हुनेछ । मेलामा करिब २० हजार मानिसको सहभागिता हुने र ७ सय जनाले मेलाबाट रोजगारी प्राप्त गर्न सक्ने अपेक्षा आयोजकले गरेका छन् । मेलामा रोजगारदाताको सूचीकरण र रोजगारीका अवसरको पहिचान गरिनेछ । आन्तरिक रोजगारीलाई प्रवर्द्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउँदै सरकारले सातै प्रदेशमा समाधान रोजगार मेला आयोजना गरेको हो ।

# ‘स्मार्ट’ आमाहरु सम्मानित

हाम्रा संवाददाता

**गुल्मी**, जेठ २३/ गुल्मीमा स्मार्ट आमाहरूलाई सम्मान गरिएको छ । जिल्लाको छत्रकोट गाउँपालिका पालिकाले ‘सुनौला हजार दिन’का आमा र बच्चा दुवैलाई स्वास्थ्य पहुँच दिलाउने हेतुले जिल्लामै पहिलो पटक १८ जना स्मार्ट आमाहरुलाई सम्मान गरेको हो ।पालिकाले निर्धारण गरेका विभिन्न सूचकको आधारमा छनोट भएका ६ वटा वडाका आमाहरुलाई सम्मान गरिएको छ । गाउँपालिकाले निर्धारण गरेका स्वास्थ्यका सूचकहरू पूरा गर्ने प्रत्येक वडाका ३/३ जना आमा छनोट गरेर सम्मान गरिएको स्वास्थ्य शाखाले जनाएको छ ।पालिकाले निर्धारण गरेका २० वटा सूचकहरूमा १०० अंक राखेको थियो । जसमा प्रत्येक सूचकलाई ५ अंक निर्धारण गरिएको थियो ।
त्यसका आधारमा पालिका भित्रका करिब २ सय आमाहरु मध्येबाट १८ जना स्मार्ट आमाहरुलाई सम्मा गरिएको हो ।

# रामपुरका महिलाले लिए वनस्पतिको पोस्करबाट सामग्री बनाउने तालिम

**पाल्पा**, जेठ २३/जिल्लाको रामपुरका महिलाले प्राकृतिक रेशाजन्य वनस्पतिको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री बनाउने तालिम लिएका छन् । उनीहरुले मकैको खोस्टा, थाकलको पातबाट हाते झोला, टोपी लगाएतका विभिन्न सामग्री बनाउने तालिम लिएका हुन् ।

रामपुर नगरपालिकाले यहाँका महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने उद्देश्यले वनस्पतीको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री बनाउने तालिम दिएको हो । एक महिनासम्म सञ्चालन भएको तालिममा नगर भित्रका ४० जना महिलाहरुले हस्तकलाका सामग्री बनाउन सिकेका छन् । रामपुर नगरपालिका -५ र ६ मा सञ्चालन भएको तालिमको एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । नगर प्रमुख रमणबहादुर थापाले तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण



गरेका हुन् । प्रमाणपत्र वितरण गर्दै उनले सिकेको सिपको माध्यमबाट हस्तकलाका सामग्री उत्पादन गर्न आग्रह गरे । नगर प्रमुख थापाले उत्पादित हस्तकलाका सामग्री नगरपालिकाले खरिद गरिदिने र उत्पादनको आधारमा अनुदान दिने समेत बताए । उनले भने,‘सिकेको सिपको सदुपयोग गरेर उत्पादन गर्नुहोस् त्यसको बजारीकरण र खरिद नगरपालिकाले गर्छ ।’ उपप्रमुख बालकुमारी थापाले महिलाहरुलाई स्वाबलम्बी र उद्यमी बनाउन नगरपालिकाले विभिन्न कार्यक्रममार्फत जोड दिंदै आएको बताइन् । महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउन विभिन्न तालिम सञ्चालन गर्दै आएको उनको भनाई छ । गाँउघरमा पाईने मकैको खोस्टा र थाकलको पातबाट पनि आयआर्जन गरी आत्मनिर्भर बनाउन तालिम सञ्चालन गरिएको उपप्रमुख थापाले बताईन् । प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले हस्तकलाका सामग्री सजावटको लागि प्रयोग हुने भन्दै खाली समयको सदुपयोग गरेर भए पनि उत्पादन गर्नु पर्नेमा जोड दिए । उनले खेर गएका मकैको खोस्ट र थाकलको पातको सदुपयोगसँगै आर्थिक लाभ लिन आग्रह गरे ।

कार्यक्रममा तालिमका प्रशिक्षक डिला सिंजालीले तालिममा सिकेका कुरा व्यवहारमा उतारेर आत्मनिर्भर बन्न आग्रह गरिन् । यस्तै सहभागीहरुको तर्फबाट रेखा पौडेल र सुमन खाम्चाले तालिम लाभदायी भएको भन्दै तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरे । रामपुर नगरपालिकाको आयोजना र ओम राजश्री मल्टी एग्रो प्रा.लि. काठमाडौको प्राविधिक सहयोगमा तालिम दिइएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## वातावरण संरक्षण गरौं

**वातावरणीय विनासका कारण जलवायु परिवर्तनले अहिले विश्वलाई चिन्तित बनाएको छ । जलवायु परिवर्तनले नेपाल पनि अछुतो रहन सकेको छैन । नेपालमा पनि यसको असर प्रत्यक्ष रुपमा देखा पर्न थालेको छ । वातावरणमा आएको परिवर्तनले नेपाल र नेपाली प्रभावित हुन थालेका छन् । यो अत्यन्त दुखको कुरा हो । वातावरणीय विनाश दिन प्रतिदिन बढ्दै जँदा यसको असर मानव समुदायले नै बेहोर्नु परेको छ । बढ्दो जनसंख्याको कारण भएको अव्यवस्थित सहरीकरण, विभिन्न पूर्वाधारहरूको निर्माण, बढ्दो मात्रामा यातायातका साधनहरूको प्रयोग, विभिन्न रासायनिक पदार्थहरूको प्रयोगले गर्दा वातावरण दिन प्रतिदिन प्रदुषण हुने गरेको छ ।**

**नेपालमा जल, वायु, भुमि प्रदुषणको साथै दृश्य प्रदुषण पनि बढेको छ । मानवीय क्रियाकलापबाट सिर्जित बढ्दो सहरीकरण, फोहोरमैला, आणविक भट्टीबाट निस्कने विषालु ग्याँस, जनसंख्याको तीव्र वृद्धि, प्राकृतिक सम्पदाको तीव्र दोहन आदि नै वातावरणीय विनाशका प्रमुख कारणहरू हुन् । वातावरण तथा पर्यावरणका अवयहरुलाई संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष विश्व वातावरण दिवस मनाउने गरिन्छ । सन् १९७३ देखि विश्वभर प्रत्येक वर्ष जुन ५ तारिखका दिन यो दिवस मनाउने गरिएको हो । बुधबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइएको छ । हरेक वर्ष दिवस मनाइने गरिए पनि यसले सार्थकता भने पाउन सकेको छैन । दिवसले चेतना जागृत गराउने उद्देश्य राखे पनि मानिसमा चेतना अवभावकै कारण वातावरण कुरुप बन्दै गएको छ ।**

**तीव्र विकासको नाममा वातावरण संरक्षण गर्न नसक्दा जलवायु परिवर्तनको असर देखापर्न थालेको छ । विकासको नाममा गरिने वातावरणप्रतिको बेवास्तालाई ध्यान दिए स्वच्छ वातावरण राख्न सकिन्छ । स्वच्छ वातावरण कायम राख्न जल, जंगल र जमिन पर्याप्त मात्रामा रहेको नेपालमा पछिल्लो समय स्वच्छ वातावरण कायम राख्ने कुरालाई ख्याल गर्न छोडिएको छ । वास्तवमा वातावरण प्रदुषण हुन नदिनु नै वातावरण संरक्षण गर्नु हो । यसका लागि मानव सुमदायले बढ्दो जनसंख्या कम गर्नुपर्ने, जैविक विविधताको संरक्षण गर्नुपर्ने, प्राकृतिक स्रोतसाधनहरूको समुचित किसिमले प्रयोग गरी संरक्षण गर्ने, औद्योगिकीकरण तथा सहरीकरण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिनुपर्ने, कीटनाशक औषधि र रसायनहरूको प्रयोग कम गर्दै जानुपर्ने र यातायातका साधनहरूको प्रदुषण कम गर्नेतर्फ ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

सबैलाई मन पर्ने सुगा भएर पिँजडामा बस्नु भन्दा,
कसैलाई मन नपर्ने काग भएर आकासमा उड्न मन लग्यो ।
*(निशा सारुको फेसबुकस्टाटस https://www.facebook.com/saru.nisha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपद् व्यवस्थापन र यसको तयारी



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

"जब पर्‍यो राती तब बुढी ताती" भन्ने नेपाली उखान जस्तै आँखा अगाडि नै विपद्को अवस्था नआउँदासम्म सक्रिय नहुने हाम्रा निकायहरुले कतै यो वर्ष पनि सोही अवस्थालाई निरन्तरता दिने त होइनन् जनमानसमा छलफलको विषय बनेको देखिन्छ । राज्यको पूर्व तयारी र योजना नहुँदा विपद् व्यवस्थापनको लागि विगतमा अरबौं रकम खर्च हुने तर वास्तविक पीडितको पिडालाई कमी र नियन्त्रण भने गर्न नसकिएको तीतो यर्थाथ हामी सामु रहेको छ । तीन तहकै सरकारहरु ,विभिन्न निकायहरु यसमा संलग्न हुने ,राज्यको रकम खर्च पनि हुने तर प्रभावकारी पूर्व तयारी, उदार ,राहत तथा व्यवस्थापन हुन भने सकेको देखिदैन । यो बर्ष पनि यस सम्बन्धमा सवाल उठी सकेको छ । गृहमन्त्रीले टाक्स फोर्स बनाउने घोषणा गरिसकेका छन् ,हेरौ यसले कतिको काम गर्दो रहेछ समयले देखाउला । बर्षेनी विपद् क्षेत्रमा अनुगमनको नाममा करोडौ रकम हेलिकप्टर उडाएर आकासमैं सके । पिडितले आश्वासन पाएको तर आश्वासन आश्वासनमा नै सिमित रहेको नमिठो विगत हामीसँग रहेकाले यो वर्ष यस्तो नहोस् । कतै यो वर्ष पनि यस्तै अवस्था त दोहरीने हैन जनमानसमा उत्पन्न निराशा आशामा परिणत होस् । विपद् पूर्वतयारी, प्रतिकार्य ,उद्दार ,राहत र पूर्नस्थापनासँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**पृष्ठभूमि :** विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन तथा धनको क्षतिको साथै जीवनयापन र वातावरण प्रतिकूल असर पर्ने प्राकृतिक घटनालाई बुझ्न सकिन्छ । यस अन्तर्गत बाढी पहिरो,डुवान,भूकम्प,चट्याङ,आगलागी ,शीतलहर,हिम पहिरो आदि पर्ने गर्दछन् । नेपालको भौगोलिक विविधताको कारण यी सबै खाले जोखिमको सामना गर्नु, विपद् व्यवस्थापन अन्तर्गत विपद् पूर्वतयारी,प्रतिकार्य ,उदार ,राहत र पूर्नस्थापना जस्ता पक्षहरु पर्ने गर्दछन् । भौगोलिक विविधता भएको कारण नेपाल प्रकोपका दृष्टिकोणले बहुजोखिमयुक्त देशको रुपमा रहेको छ ।

नेपाल भूकम्पीय जोखिमका दृष्किोणले एघारौं ,बाढीको दृष्टिकोणले तीसौं र पहिरोको दृष्टिकोणले दश राष्ट्र मध्य एक र दक्षिण एसियामा पहिलो उच्च जोखिमयुक्त देशमा पर्ने गर्दछ । विपद् पूर्व सुचना दिएर नआउने भएकै कारणले यसले ठूलो भय सिर्जना गर्दछ, मानव जीवनलाई आतङकित बनाउँदछ । भय र आतङ्कित मात्रै कहाँ हो र ? यसले अकल्पनीय धनजनको क्षति पुर्‍याउने गर्दछ । भौगोलिक विविधता भएको हाम्रो देशमा विपद्को प्रकृति पनि फरक -फरक नै देखिने गर्दछ । सामान्यतया हिमालमा हिउँ पहिरो ,पहाडमा बाढी पहिरो तथा तराईमा बाढी आउने गरेको देखिन्छ । यस्ता विपद्को रोकथाम तथा न्युनिकरणका लागि पूर्व तयारीमा पनि भौगोलीक अवस्था अनुसारकै योजना तथा कार्यक्रम बनाउनु पर्ने देखिन्छ । विपद् प्राकृतिक कुरा हो यसलाई मानवीय प्रयासले रोक्न त हामी सक्दैनौ तर यसबाट हुने क्षतीलाई न्यूनिकरण गर्न भने पक्कै सक्दछौं । यसका लागि राज्यका निकाय, आम नागरिकहरु सक्रिय र सचेत भने हुनु पर्ने देखिन्छ ।

> *नेपालको भौगोलिक विविधताको कारण यी सबै खाले जोखिमको सामना गर्नु, विपद् व्यवस्थापन अन्तर्गत विपद् पूर्वतयारी,प्रतिकार्य ,उदार ,राहत र पूर्नस्थापना जस्ता पक्षहरु पर्ने गर्दछन् । भौगोलिक विविधता भएको कारण नेपाल प्रकोपका दृष्टिकोणले बहुजोखिमयुक्त देशको रुपमा रहेको छ । नेपाल भूकम्पीय जोखिमका दृष्किोणले एघारौं ,बाढीको दृष्टिकोणले तीसौं र पहिरोको दृष्टिकोणले दश राष्ट्र मध्य एक र दक्षिण एसियामा पहिलो उच्च जोखिमयुक्त देशमा पर्ने गर्दछ । विपद् पूर्व सुचना दिएर नआउने भएकै कारणले यसले ठूलो भय सिर्जना गर्दछ, मानव जीवनलाई आतङकित बनाउँदछ ।*

**विगतमा के भइरहेको थियो त ?**
नेपालमा विपत्त जोखिमलाई व्यवस्थापन गर्नका लागि विभिन्न नीतिगत ,संस्थागत ,कार्यगत व्यबस्था बनाईएको छ ,यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै स्थापना भएको छ भने प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय परिषद्को व्यवस्था रहेको र उक्त निकायले देशभरका संयन्त्रलाई नीतिगत निर्णय,समन्वय गर्ने तथा निर्देशन दिने काम गर्दै आएको देखिन्छ । यसका साथै गृहमन्त्रीको अध्यक्षतामा राष्ट्रिय कार्यकारी समिति पनि रहेको छ । यसका साथै प्रदेशहरुमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्लामा सिडिओको अध्यक्षतामा विपद् व्यवस्थापन समिति र स्थानीय तहहरुमा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरि यसको न्युनिकरण , पूर्व तयारीका साथै राहत तथा उदारको कार्यमा लाग्नका लागि स्वायत्तता प्रदान गरिएको छ । विपद् व्यवस्थापनका लागि राष्ट्रिय कोषको व्यवस्था गरी दाताहरुले उक्त कोषमा रकम जम्मा गर्ने व्यवस्था पनि गरेको देखिन्छ । कोषमा अरवौ रकम खर्च नभएको तर पिडितहरुले आवश्यक राहत पनि प्राप्त नगरेको, वास्तविक पीडितहरु बाहिर परेको , ज्यादै ढिलो गरी उद्दार तथा राहतको काम भएको जस्ता गुनासाहरु विगतमा आएकोले सम्बन्धित पक्षको यस मामलामा बेलैमा ध्यान जानु पर्ने देखिन्छ । पछिल्लो समयमा विकासका नाममा गरिएको डोजरे विकासले पहाडका गाउँबस्तिहरु ठूलो जोखिममा रहेको देखिन्छ । अवैज्ञानिक यस्ता विकासले विकास होइन विनास निम्त्याएको देखिन्छ । वर्षादको एक दुई महिना पछुताउनु बाहेक यस पक्षमा कुनै सुधार हुने संकेत पनि देखिदैन । गाउँमा बाटो पुग्नु नै विकास मान्ने हाम्रा जनप्रतिनिधि र टाठा बाठा केहि जनमानसको कारण बस्ति नै जोखिममा पुगेको , ठूलो धन जनको क्षति भएको बस्ति नै स्थानान्तरण गर्नु पर्ने घटना भएकाले यस पक्षमा आवश्यक नियन्त्रण र कार्य विधिनै बनाउनु पर्ने र यसका लागि सम्बन्धित पक्षाको तत्काल ध्यान जानु पर्ने देखिन्छ ।

**के गर्ने त ?**
विपद् व्यवस्थापन र यसको तयारीका लागि भौगोलिक अवस्था र विपद्को प्रकृति पहिचान गरेर सोही अनुसार योजना तथा कार्यक्रम बनाउनु पर्ने देखिन्छ भने राहत र उदारलाई भन्दा पनि पूर्व तयारीमा जोड दिदै जोखीम पहिचानमा विशेष प्राथमिकता दिनु आवश्यक देखिन्छ । जोखीमयुक्त ठाँउका वस्तीहरुलाई अन्य सुरक्षित ठाउँमा स्थान्तरण गर्ने, नदी किनारका बस्तिलाई तत्काल स्थानान्तरण गर्ने, उक्त स्थानका नागरिकहरुलाई विपद् आउनुपूर्व आवश्यक सुचना सप्रेषणको व्यवस्था गर्ने , राज्यका निकायहरुलाई सक्रिय अवस्थामा राख्ने र विपद् स्थानमा तत्काल पुग्ने आवश्यक प्रवन्ध गर्ने , झन्झटिलो कागजी प्रक्रिया को अन्त्य गर्ने ,पूर्ननिमार्ण र पुर्नस्थापनालाई विशेष जोड दिनुपर्ने देखिन्छ यसका साथै विपद् सिर्जना भै सकेपछि कोषमा रकम जम्मा गर्ने दाता खोज्ने कार्य नगरी पहिले नै आह्वान गरी पर्याप्त रकमको जोरजाम गर्नु पर्ने देखिन्छ । विगतमा राजनीतिक दलका भातृ संगठनले आफु खुशी राहत संकलन गर्ने, सेवा भन्दा पनि राजनीतिक उपलब्धि लिन खोज्ने प्रवृत्ति देखिएकोमा यस पटक पहिले नै यसलाई नियन्त्रणका लागि राज्यका संयन्त्र लाग्नु पर्ने देखिन्छ । राहत र उदारका नाममा कोषको रकमको हिनाबिना भएको, पिडितले पाउनु पर्ने रकम अनुगमन र निरक्षणको नाममा खर्च भएका विगतमा समाचार सुनिएकोमा यस पटक पहिले नै यस बेथितिको अन्त्यका लागि आवश्यक सजगता अपनाउनु पर्ने देखिन्छ ।

**विपत न्यूनिकरणका लागि ध्यान दिनु पर्ने पक्षहरु :**
- राज्यका निकायहरु बिच समन्वयकारी भूमिका स्थापित गर्ने ।
-विद्यमान नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने ।
-चेन अफ कमाण्डलाई सरल र सहज बनाउने ।
-राहत कोषमा पर्याप्त रकमको व्यबस्था गर्ने ।
-रेडियो ,टेलिभिजन ,पत्रपत्रिकामार्फत सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।
-सरकार र यससँग सम्बन्धी अन्य निकायसँग सहकार्य र समन्वयको भूमिका स्थापित गर्ने ।
- एम्बुलेन्स ,हेलिकप्टर तथा सुरक्षा सामग्रीको पर्याप्त व्यबस्था गर्ने ।
- सुरक्षा निकायहरुलाई पूर्व तयारीका साथ राख्ने ।
-तीन तहका सरकार बिच कार्य विभाजन मापदण्ड तयार गर्ने ।
-व्यक्तिगत सुरक्षा सम्बन्धी तालिमको व्यबस्था गर्ने ।
-नागरिकलाई सक्रिय बनाउने नीति लिने ।

**निष्कर्ष :** विशेषत विपद् प्राकृतिक कारण नै उत्पन्न हुने गर्दछ तर पछिल्लो समय यो प्राकृति भन्दा पनि मानविय लापरवाहिका कारण बढ्दै गइरहेको देखिन्छ । यसले धेरै थोरैसबै नागरिकलाई पीडा र भय भने उत्पन्न गराएको देखिन्छ । यसलाई रोक्न नसकेता पनि पिडा र क्षतिलाई कम गर्न भने पक्कै सकिने भएकाले राज्यका संयन्त्रहरु यसमा सक्रिय भएर लाग्नु जरुरी देखिन्छ । पूर्व तयारी, प्रतिकार्य, राहत तथा उदारमा यस वर्ष कुनै कमी नआओस् । सुरक्षा निकायहरुलाई माथिको निर्देशन कुर्नुपर्ने र समयमै उद्दार गर्न नसक्ने अवस्था यो पटक नआओस् । तीन तहका सरकारहरु आ-आफ्नो स्थानवाट सक्रिय भूमिका देखाउन । विपद्मा परेका पिडितले राज्यमा अभिभावक भएको महशुस गर्न पाउन । विगतका बर्षहरुमा जस्तो यो वर्ष देशभर विपद् र भयको अवस्था उत्पन्न नहोस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोजगारको अवसर मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । मान प्रतिष्ठामा वृद्धि होला । |
| **वृष** : मङ्गल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । | **वृश्चिक** : कार्यक्षेत्रमा प्रगति हुनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ। | **धनु** : समाजसेवामा मन लाग्नेछ । अरुको मन जित्न सकिनेछ । |
| **कर्कट** : आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । सफल यात्राको योग छ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । आफन्तसँग भेटघाट रहनेछ । |
| **सिंह** : अचल सम्पत्ति हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **कुम्भ** : मन अस्थिर रहन सक्छ । साँझमा शुभ समाचार सुन्नमा आउला । |
| **कन्या** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ काम वा रोजगार नपाइन सक्छ । | **मीन** : विद्या र बुद्धिको विकास हुनेछ। मङ्गल कार्यको योग छ । |




कथा — मसान उपासक

# उत्तरआधुनिक प्रेम

प्रेम आफैँमा सर्वव्यापी छ । यसको बारेमा बोलेर पनि कति बोल्नु ? नबोलेर पनि के गर्नु ? प्रेम प्रेम हो । बस ! यति बोलेँ ।

जीवनको उत्तरार्द्धतिर मात्रै प्रेमको परिभाषा जानेँ । पहिले नै प्रेमको विषयमा जान्नुपर्थ्यो । त्यसो गर्न सकिएन । तै पनि मन बेखुस छैन । प्रेम नजानेर के भो त ? आखिर अघिदेखि नै प्रेममा फसेको रहेछु । प्रेम आखिर के हो ? जीवन कि मृत्यु ?

साइवर युगको मान्छे हुनुको नाताले प्रेम पनि आखिर त्यसरी नै सम्भव छ । म कोठामा कम्प्युटरको अगाडी छु । इन्टरनेटमा च्याट गर्दैछु । उनीसँग विवाह भएको पनि थुप्रै वर्ष भयो । अझैसम्म भेटघाट छैन । दुवै व्यस्त छौँ । यतिखेर उनी विराटनगर बस्छिन् म काठमाडौँ बस्छु । के यो सम्भव छ ? तपाईंलाई लाग्ला । तर हाम्रो जीवन अहिलेसम्म यसरी नै चलिरहेको छ ।

च्याट गर्दै जाँदा प्रेम सम्बन्ध स्थापित भो । त्यही सम्बन्ध निरन्तर छ । मैले उनका बारेमा सोधेका प्रशस्त प्रश्नको उत्तर सरल पाएँ । झुट छ कि सही म जान्दिनँ । त्यही सरलता मन पर्‍यो र प्रेम प्रस्ताव राखेँ । उनले स्विकारिन्, त्यही प्रेम निरन्तर छ ।

एक साँझ उनको कोठाको सम्पूर्ण दृश्य देखाइन् । स्लिपिङ बेड, सोफा, कृत्रिम फूलहरू, कम्प्युटर र बरिपरी सजाइएको ठुला ठुला प्रेममा रहेका उनको तस्बिरहरू । हेर्दाहेर्दै एउटा रोबोट आयो र चिया राखेर गयो । उनी बोलिन् - 'इतिहास हेर्ने हो भने नेपालमा यस्तो कुराको कल्पना सम्भव थिएन । तर विज्ञानले यति फड्को मार्‍यो कि हामी एउटै कोठामा बसेर पनि संसारको अध्ययन गर्न सक्छौँ र त्यसको प्रमाण लिन सक्छौँ ।'

मैले समय थोरै भएको जानकारी गराएँ । उनले लाइन डिस्कनेक्ट गरिन् । हाम्रो आफ्नै छुट्टै कथा छ । उनी गर्भधारण गर्न मान्दिनन् । मैले पनि इतिहासको अध्ययनबाट थाहा पाएँ कि महिलाहरू गर्भधारण गर्न सक्छन् । तर अचेल त्यो कसरी सम्भव छ ? जब कि सबै पुरुषहरू वीर्य बेच्छन् र टेस्टट्युब बेबीहरू जन्मन्छन् । कुन पुरुषहरूलाई थाहा छ कि आफ्नो वीर्य कुन बच्चामा परेको छ ? यदि यस्तो भएको, थुप्रै भएको हो भने अब कुन महिला नौ-नौ महिनासम्म गर्भधारण गरेर बच्चा जन्माउन चाहन्छे । मैले पनि एउटा बच्चाका लागि स्वीकृति दिएको छु । त्यो बच्चा भर्खर दुई वर्ष पुग्यो । जब कि हामी बिच भेटघाट छैन । प्रेम ! यौन सँगसँगै रहन्छ कि भावना सँगसँगै ? सोचयोग्य छ ।

थाहा छैन, आधुनिक नेपाल कस्तो थियो ? त्यहाँ के हुन्थे ? के हुनुपर्थ्यो ? उत्तरआधुनिक नेपालमा फूलहरू फुल्दैनन्, फुलाइन्छ । सडकहरूमा मान्छेहरू हिंड्दैनन् । कसैसँग कसैको भेटघाट छैन । बोलचाल गर्ने सम्म समय कसैसँग हुँदैन । मोबाइल फोनको प्रयोग केका लागि ? केही काम परे फोन गर्नुस्, त्यहीँ सबै कुरा हुन्छ । जीवनको नयाँ कुरा नेटमा राखिन्छ । त्यही नेटमा आफ्नो व्यक्तिगत विवरण राख्नुस् सबैको विवरण त्यहीँ भेटिन्छ ।

फेरि मान्छेलाई भेटेर किन सोधिरहनु ? समयको बरबादी मात्रै । समयको बरबादी गर्ने मन तपाईंलाई छैन भने व्यर्थमा किन टाउको दुखाउनु ? सोच्दा सोच्दै साइन इन गरेछु । नेटमा उनको उपस्थिति पनि मजाको छ । खाना उनैले पठाउँछिन् । खाना खानुअघि पर्दामा भेटिन्छौँ । खाना खान शुरु गर्छौं । फुच्चे ममीलाई दुख दिन्छ । भन्छ, 'बाबा, हजुरलाई खाना थपौँ ?' समयले निकै फड्को मार्‍यो । खाना त कसरी थप्न सकिन्थ्यो ? तर प्याकेट सिस्टमले पो सजिलो पारेको छ । उनी खाना बनाएर पठाउँछिन् । त्यसलाई एक हप्तासम्म जस्ताको त्यस्तै राख्न सकिन्छ । त्यो सकिँदासम्म फेरि अर्को खाना आइहाल्छ । जे होस् जीवनको गति रमाइलोसँग चलेको छ ।

मान्छेको मन दाँज्न मिल्छ, नाप्न पनि मिल्छ । त्यसो हो भने अब किन मान्छेलाई भेटिरहनु पर्‍यो ? तै पनि क्षण क्षणमा फेरिइरहने मन सधैँ एक नासको हुँदैन । त्यसलाई पनि नाप्न सके कस्तो मज्जा हुन्थ्यो । मन अब के सोच्छ जान्न पाए, पुग्थ्यो ।

खाना खाई सकेपछि लाइन छुटाएँ । केही क्षण सुस्ताएँ, फेरि नेटमै झुन्डिन थालेँ । आफ्नो पुर्खाको बारेमा खोज्दै गएँ । लेखिएको थियो-

नाम - सरोज यादब

बुबाको नाम - रबि श्रेष्ठ

हजुरबुबाको नाम - पिताम्बर उपाध्याय

यसरी फरक-फरक थरका कारण म अन्योलमा परेँ । मैले पढेको थिएँ कि नेपाल समावेशी राज्य बन्यो । जातीय आधार यसको पहिलो आधार हुनेछ । त्यसो हो भने पुर्खाको विवरण आमाको नामबाट राखियो कि बुबाको नामबाट राखियो । आखिर बुबा कसरी छुट्याइयो जबकि टेस्ट्युब बेबीका लागि कसको वीर्य लिइयो ? उसको बुबा चाहिँ को त ? रबि श्रेष्ठको बुबा पिताम्बर उपाध्याय नै भएको के ग्यारेन्टी ? जे होस् मैले आफ्नो विवरणबाट यी नामहरू अटाउन सकिनँ । इतिहासको अध्ययनबाट मैले थाहा पाएँ कि नेपालमा के आएको थियो ? पहिले महिलाहरूको अवस्थाको बारेमा पनि जानकारी पाएँ । यद्यपि त्यसलाई पत्याउने कसरी ? जब कि त्यति बेला ईश्वर छ भन्ने कुरा नदेखेर नै व्याप्त थियो । के अहिले उति बेलाको नेपाल अवलम्बन गर्न सकिन्छ ? महिलाहरूले गर्भधारण गर्ने, विवाह गरेर एउटै घरमा बस्ने, आफ्नै घरबारी हुने, त्यहीँ खेतीपाती गर्ने, यी सबै कुरालाई कसरी लागु गर्न सकिन्छ ? जब कि मेरो पुर्खा त्यतिखेर को थिए ? मेरो घरबारी कहाँ थियो ? यी सबै कसले बताउन सक्छ ? यदि कसैलाई थाहा छैन भने म आफ्नो सम्पत्ति खोज्न कहाँ जाने ? मैले यो कोठामा कति साल बिताएँ ? मेरो बुबाले कति साल बिताए ? यो घर वास्तविकतामा कसको हो ? के हामी अब शरणार्थी हौ त ? पक्कै होइनौँ । त्यसो हो भने हामी के हौँ त ?

उत्तर छैन । बिना उत्तर समर्थन गर्न पनि सकिन्न । जे होस् म नेटमा छु । त्यही त हो बाँच्ने आधार । नेटमा आफ्नो सबै थोक खोजिन्छ । आफू जोखिएर त्यसबाट काम गर्न थालिन्छ । त्यहीँ कामबाट आउने तलबले बाँचिन्छ । गुजारा यस्तै गरी चलिरहेको छ । म जीवनमा त्यही अवलम्बन गरिरहेको छु । 'देश अनुसारको भेष भने झैँ' म त्यसै गरी बाँचिरहेको छु ।

यो समय विचित्रको छ, आफैँमा एउटा चलचित्र जस्तो अनौठो देखिन्छ । चन्द्रमामा हनिमुन मनाउन गइन्छ । मंगल ग्रह हाम्रै पहुँचमा छ । सूर्यलाई नदेखेर पनि बाँचेका छौँ । सूर्यको के अस्तित्व छ ? जब कि ओजोन तह पहिले नै प्वाल परिसकेको रहेछ । के यो आजसम्म बाँकी छ ? बाहिर हिंड्दा छालाजन्य रोग लाग्छ । त्यसैले मान्छेहरू घाम छेकेर दौडिन्छन् ।

यतिखेर हाम्रो इतिहास हेर्दैछु । त्यो हेर्दाहेर्दै अनौठो र आश्चर्यपूर्ण लाग्छ । मेरी श्रीमतीलाई यो कुरा बताउन मन लाग्छ । फोन गर्छु । भन्छे, 'शृङ्गार गर्दैछु ।' मैले विगतको हाम्रो देशको बारेमा बताएर अनुरोध गरेँ, 'के हामी यसलाई अवलम्बन गर्न सक्दैनौ ?'

ऊ खिल्ली उडाउँछे । उल्टै बौलाहा भयौ भन्छे । मैले इतिहास सम्बन्धी त्यो फाइल पठाउँछु र भन्छु पूरा पढेपछि भेट है । त्यो साँझ खाना खाने बेलामा हाम्रो भेट भएन । उनले लाइन डिस्कनेक्ट गरिछिन् । त्यसको दोस्रो दिन हाम्रो भेट भयो । उनले फोन उठाइन् । उनले उक्त प्रस्तावमा सहमत हुन नसक्ने जानकारी गराइन् । आखिर विवाद यहीँबाट शुरु भयो । उनले उनको हठ त्यागिनन् र मैले मेरो हठ छाडिनँ । च्याटमा टहल्ने क्रमसँगै मेरो दिन पनि परिवर्तित हुँदैछ । आधुनिकतामा फर्कन उनी मान्दै मान्दिनन् । धेरै पटक सम्झाउँदा पनि उनले मानिनन् । मैले हाम्रो सम्बन्ध छुटेको जानकारी दिएँ । आखिर हामी बिचको नाता यतिकैमा छुट्यो । आधुनिकताको लामो बहस पछि साथी सलिना त्यसको निम्ति तयार हुन्छिन् । मैले अन्त्यमा उसैलाई अपनाउँछु । थाहा छैन, समयले कसरी अगाडी बढाउँछ । जसलाई मैले श्रीमती बनाएँ । उनी मेरो साथमा छैनन् । म मेरो भन्दै छु, ऊ पनि मेरो हैन । उसले कसको वीर्यदानबाट जन्म पायो ? त्यसको बारेमा कसले बोल्ने ? तै पनि म आफैँ त्यसै गरी जन्मिएँ र मेरो विवरण विचित्रको छ । सलिना पनि त्यस्तै हो । अचेल हामी सँगै बस्छौँ र स्वस्थ गर्भाधानपश्चात जन्मिएको बच्चालाई हुर्काउने निर्णयमा पुगेका छौँ । सोच्दासोच्दै रोबोट चिया राखेर जान्छ । सलिना अङ्गालिन आउँछे ।

*-साहित्यपोस्ट डटकम*

## उदासीनता

म हैन मेरा आँखा रूदै थिए ।
सपनाहरू मनबाट विलीन हुँदै थिए ।।
रूवाईले खोज्छ हाँस्ने बाहाना,
सोचले खोज्छ मर्ने चाहाना,
मनले होइन् सोचले दिनदिनै मारिराछ ।
जिन्दगीको अगाडि मेरो भाग्यले हारिराछ ।।
म बाहिरबाट कमजोर हैन,
तर म भित्रबाट ठिक पनि छैन्,
हास्न खोज्छु मलाईं झुटको पात्र नबनाऊ
भन्दै मुस्कानले गिज्याउँछ ।
पिडाले गलेको मन आँशु बनि कहिलेकाँही चिच्याउँछ ।।
बिना उद्देश्य थाहा छैन कुन गन्तव्यमा लागि राछु
थोरै भएनी पाउने आशमा म जता पनि भागिराछु ।।



*विमला पाण्डे*

निबन्ध — हर्कबहादुर लामगादे 'रोहित'

# सामाजिक सञ्जाल र साहित्य

वर्तमान समयलाई कम्प्यूटर एवं डिजिटल युग भनेर जानिन्छ । अठारौँ शताब्दीको अन्तमा सूत्रपात भएको औद्योगिक क्रान्तिले समाजमा नयाँ परिवर्तनको हुरी लिएर आयो । यस क्रान्तिको फल स्वरूप वस्त्र उद्योगमा भएको मशिनीकरणले पूरै विश्वको कायापलट गरिदिन्छ । विज्ञानको सामर्थ्य एवं विकासवादको नीतिले सूचना क्रान्तिको पनि सूत्रपात हुन समय लागेन । टेलीफोन एवं रेडियोको अविष्कार, सूचना प्रसारणमा भिन्नै परिवर्तनको द्योतक बन्न पुग्यो जसले आर्थिक एवं सामाजिक परिबन्धमा ऐतिहासिक परिवर्तन लिएर अगाडि बढ्यो । कम्प्युटर साथै इन्टरनेटको अविष्कारले यसलाई थप गति प्रदान गरेको हामी साक्षी छौँ । आज भन्दा तीन दसक अघि मान्छे पत्र, थोरै मात्रमा टेलीफोन लगायत रेडियो मार्फत सन्देश आदान-प्रदान गर्थे । कम्प्युटर, स्मार्टफोन एवं इलेक्ट्रोनिक्स उपकरणको आगमनले सूचना क्रान्तिमा भुइँचालो लिएर आयो । यसले समाजका प्रत्येक पाटामा परिवर्तनको नयाँ इतिहास कोर्दै आफ्नो स्थान सशक्त बनायो ।

सूचना क्रान्तिको युगमा सामाजिक संजाललाई प्राथमिकता नदिँदा सूचना क्रान्ति अधुरो भएको प्रतीत हुन्छ । मनुष्यमा आउने चेतना, विचार, उत्कण्ठा, सूचना एवं समाचार एक अर्कालाई प्रसारित नगरी हुँदैन । उहिलेको कुरा गरौँ भने ढोल बजाएर वा पत्र प्रेषित गेरर गर्थे भने अहिले सूचना प्रौद्योगिकीको सुलभताले मान्छे अडियो साथै भिडियोबाट क्षणभरमा सन्देश एक देशदेखि अर्को देशमा पुर्याउन सफल भएको छ । वर्तमानमा भौतिक रूपमा नभेटे पनि असंख्य कार्य इन्टरनेटको माध्यमाबाट हुन्छ । अफिसको कार्यदेखि लिएर न्वारन, विवाहसम्म इन्टरनेटको सुविधाले भएको देखिन्छ ।

यही क्रममा सामाजिक संजालले मानिसलाई एकअर्कामा जोडेर नयाँ कृतिम साइनो गाँसेको छैन भन्न सकिदैन । सामाजिक संजाललाई बुझ्न खोजौँ भने- यो मानिसद्वारा रचित समूह या संगठन हो जहाँ व्यक्ति, परिवार, समाज एवं राष्ट्रको स्तरमा समान विचार हुने समूहहरू नेटवर्किंग प्रक्रियाले जोडिन्छन् । उदाहरणमा हेर्दा प्रचतिल सामाजिक संजालमा फेसबुक, इन्स्टाग्राम, ट्वीटर, वाट्सप, यूट्यूब, मेसेन्जर एवं विभिन्न एपहरू छन् । ४ फरवरी, २००४ मा मार्क जुकर्बर्कले फेसबुकको निर्माण गरे। १४ फरवरी, २००५ मा चाड हुर्ली र स्टिभ चेनले भिडियो हेर्न जनप्रिय युट्यूबको सुरूआत भयो । ६ अक्टोबर, २००६ मा केभिन सिस्ट्रोम अनि माइक क्रिगरले इन्स्टाग्रामको निव राखे । यसरी नै लोक प्रिय वाट्सप २००९ मा ब्रियन एक्टोन अनि जन कउमले सूचना प्रसारण मा नयाँ थप एपको सुरूआत गरे । यी प्रमुख सामजिक संजालका उदाहरण बाहेक कैयन यस्ता एपहरू छन् जहाँ मानिस आफ्ना विचार, संदेश, रचना, दैनिक कार्य, घटना, बितेका या आउने कार्यक्रम जस्ता अनेक विवरण फोटा एवं भिडियोको साथमा सबैसँग साझा गर्छन् । उसले साझा गरेको प्रत्येक पोस्ट संसार भरी पलमै पुग्छ । यति मात्र नभएर यसमा भिडियो प्लेटफार्ममा जुडेर मिटिंग गर्ने, गफसफ गर्ने यहाँ तक कति एपमा आर्थिक गतिविधि गर्ने पनि सुविधा प्रदान गरेको छ । रिपोर्टअनुसार वर्तमानमा संसारका ४.४८ अरब यानि दुनियाँको ५६.८ प्रतिशत जनसंख्याले सामाजिक संजालको प्रयोग गर्छन् । सामाजिक संजालको प्रयोगको कुरा गर्दा भारत सबै भन्दा ११.४ एकाउन्टको साथमा शीर्षमा छ भने जापान ३.८ एकाउन्ट हुने भएर अंततालिकामा सबै भन्दा तल छ । सामाजिक संजाललाई कार्यका लागि पनि प्रयोगमा ल्याइन्छ । ४० प्रतिशत इन्टरनेट प्रयोगकर्ताले कार्यका लागि प्रयोग गर्छन् जहाँ अमेरिका देशका प्रयोगकर्ताले २७ प्रतिशत उपभोग गर्छन् भने भारतरका ४७ प्रतिशत उपभोक्ता छन् । सन् २०१५ यता सामाजिक संजालको प्रयोग अधिक बढेको देखिन्छि। १२.५ प्रतिशत प्रति वर्ष बढेको रिपोर्ट दर्ता छ । सामाजिक संजाल व्यक्तिगत, औपचाकि कार्यका लागि छोडेर यसलाई प्रचार प्रसारका निम्ति पनि व्यापक रूपमा व्यक्ति एवं उद्योग जगतले प्रयोग गरेको देखिन्छ । कम्पनीले उत्पादित सामानको, फिल्म इन्ड्रस्ट्रिजले सिनेमाको, संस्थाहरूले जनहितका प्रकल्प, कलाकारले कलाको, साहित्यकारले साहित्यको प्रचार-प्रसारका लागि यो मंचलाई प्राथमिकता दिएर उपयोग गर्छन् ।

वर्तमानको परिवेशमा कुरा गर्दा सामाजिक संजाल र साहित्यको सीधा सम्बन्ध छैन भन्न मिल्दैन । यसलाई प्रमाणित गर्न कोरोनाकालको अवस्था हेर्दा छर्लङ्ग हुन्छ । २०२० को सुरूआतदेखि पूरा विश्व लकडाउले घरभित्र त्रासमा बसेको थियो । त्यहीँ परिस्थितिमा इन्टरनेटमा विराम नलागेर यसको प्रयोगमा बढोत्तरी भयो । रिपोर्ट अनुसार कोरोना कालको समयमा ७७ प्रतिशत मान्छेले इन्टरनेट प्रयोग गरे जसमा समाजिक संजालको प्रयोग अधिक भएको जानिन्छ । यस्तो विषम परिस्थितिमा मान्छेले घरमाबाट समाजिक संजाल एवं इन्टरनेटको माध्यमाबाट कम्पनी चलाए । जुम, गुगलमिट, सिट्रमयार्ड, वाट्सप, मेसेन्जर जस्ता अनेक एपहरूको प्रयोग प्रमुखतामा भयो । यी नै एपको माध्यमबाट अनेकौं कार्यक्रमहरू अनलाइन भए । व्यक्ति, संघ-संस्था एवं कम्पनीले भेटगाट, मिटिंग, सेमिनार अनलाइन गरे ।

साहित्यको परिपेक्षमा हेर्दा यो कोरोनाकाल समयले साहित्यलाई निकै लाभ पुर्यायो । मान्छे खाली भयो । अधिक समय सामाजिक संजालमा लगायो । साहित्यकि संस्था एवं सामाजिक संजालमा निर्माण भएका गुरुप एवं पेजमा भइरहेका साहित्यिक कार्यक्रमको प्रचार-प्रसार जताततै देखिए । कत्ति संस्थाले अनलाइन प्रतियोगिता राख्दा यसको व्यापक प्रचार भयो । यसरी जो साहित्यदेखि अनभिज्ञ थिए या साहित्ययबाट दुरी भएका थिए उनीहरूको साहित्यिक चेतना जागृत भयो । उनीहरू प्राय: कार्यक्रम एवं प्रतियोगितामा भाग लिन थाले । फेसबुक, इन्स्टाग्राम, वाट्सप जस्ता ठाउँमा आफ्ना रचना प्रकाशित गर्न लागे । यो जमातमा निकै बढोत्तरी भइरह्यो । एक प्रकाले सामाजिक संजालमा साहित्यको भेल आयो । धेरै कवि, कथाकार, गजलकार एवं अन्य विधामा लेख्ने रचनाकार जन्मिए । यो साहित्य जगतका लागि सुखद पल हो । भर्चुअलको मंचमा दिनै कसै न कसैका कृति प्रकाशाति भए ।

सुखद कुरा पनि छ कि कोरोना काल सामान्य भए पछि सामाजिक संजालमा साहित्यिक गतिविधिमा गिरावट आए पनि सबैको सक्रियता देखिन्छ । सामाजिक संजालले साहित्यलाई ठूलै गुन लगाएको छ । आजभन्दा दुइ दस अघिको कुरा गर्नु भने नवोदित साहित्यकारलाई त के प्रतिष्ठित सर्जकलाई पनि आफ्ना रचना प्रकाशित गर्न हम्मेहम्मे पर्थ्यो । पहिलो कुरा प्रकाशक एवं सम्पादकसम्म सबै पुग्न सक्दैनथे जो पुग्थे पत्रिकाको सीमित ठाउँ हुनाले आधीभन्दा धेरै सर्जकको रचना अप्रकाशित हुन्थ्यो । सर्जक जन्मिन वा मौलिन धेरै समय लाग्थ्यो । यो विडम्बनालाई इन्टरनेटले सबै सजिलो पारिदियो । प्रमुखतामा सामाजिक संजालले । अहिले आफ्नो रचना प्रकाशति गर्न न दिन कुर्न पर्छ, न महिना न साल । अहिले छाप्न डिजिटल प्रत्रिका, फेसबुकग्रुप वा पेज, युट्यूब या व्यक्तिगत वाल छँदैछ । क्षणमै प्रकाशित हुन्छ । दर्शक भेला पार्नु पर्दैन । सामालिक संजालमा संसारभरिका दर्शक साथै पाठक पाइन्छ । रुचिअनुसार प्रतिक्रिया एवं सुझाउ भेटिन्छ। यो प्रक्रियाले सर्जक प्रफुल्लित भएर नयाँ रचना रच्न अझ उर्जावान हुन्छ । प्रौद्योगिकीको कृपाले गर्दा वर्तमानमा इ-पुस्तक निकाल्न मिल्छ । प्रकाशनमा हुने वजनदार खर्चबाट पनि साहित्यकार बाच्छ । सामाजिक संजालको सुलभताले सर्जकलाई आफ्नो पहिचान एवं साहित्यिक परिचयका लागि ठाउँ-ठाउँ कुद्नु पर्दैन । फोन व अनलाइन व्यवस्थाले साहित्यिक आदान-प्रदान गर्न सहज छ ।

ओइल्याउँदै गरेको साहित्यलाई सामाजिक संजाल जडीबुटी समान औषधी भएर देखा परेको छ । यसको व्यापक प्रचार-प्रसार गर्ने व्यवस्थाले साहित्यको उन्नतिलाई तेज गति प्रदान गर्दैछ । यसरी नै प्रौद्योगिकीको नवीकरण हुँदै गयो भने साहित्यलाई उचित मुकामसम्म पुग्ने छहारी दिनेछ । सामाजिक संजालका जति पनि मंच छन् उनीहरूले दिन-प्रतिदिन सुविधा र आधारशीलाको नवीनतालाई विकसित गर्दैछन् । यो क्रमले आदान-प्रदान गर्ने माध्यममा सहजता आइरहन्छ । यो नवीनताले साहित्यकारलाई लाभ पुर्याएको सबै साक्षी छौँ । यसको लाभ एवं भविष्य देखेर सरकारी एवं गैरसरकारी संस्थाले यसलाई अधिक भन्दा अधिक उपयोग गरेको देखिन्छ जसमा वाचनका कार्यक्रम, विविध विधामा लेखन प्रतियोगिता, पुरस्कार वितरण, साहित्यिक बहस, चर्चा-परिचर्चा जस्ता अनलाइन कार्यक्रम चलाइरहेका छन्। विश्वभर छरिएका साहित्यकार एवं संस्थाहरू एकै मंचमा आएर साहित्यको सम्वर्द्धनतिर अग्रसर भएको देखिन्छ । सामाजिकको लाभ यत्रतत्र साहित्यमा देखा परे तापनि यसको हानी पनि फेला नपरेको हैन । भौतिक रूपमा चर्चा गर्नु र अनलाइनमा गर्नुको प्रभाव भिन्न हुन्छ । अनलाइन प्रकाशित गरको भन्दा अफलाइन प्रकाशित गरेको प्रभावशाली हुन्छ । सर्जकले रचना गरी सक्दा सम्पादकसम्म नपुगी सामाजिक संजालमा प्रकाशित गर्दा उसको स्तरमा विकास नआउन पनि सक्छ । सामाजिक संजालमा हुने सबै साहित्यकार नभएकाले प्रकाशित रचनाको सूक्ष्मता नबुझी प्रशंसाको पुल बाँधिदिँदा सर्जकको लेखनमा सुधारपन नआउने बढी मौका हुन्छ । उसको रचनामा सुधारको सम्भावना हुने ठाउँमा नऔंल्याइ दिँदा उसको साहित्यिक गतिविधिमा ख्या लाग्न सक्छ । अधिक मात्रमा सामाजिक संजालको प्रयोग गर्दा शरीरिक नुक्सान छँदै छ ।

समग्र रूपमा हेर्दा सामाजिक संजालले साहित्यलाई लाभ पुर्याएको छ र भविष्यमा अझ यसले व्यापक रूपमा लाभ दिने छ भन्न ठोकुवा गर्न सकिन्छ । साहित्यिक संस्था एवं सरकारको तर्फबाट साहित्यलाई देखरेख गर्ने संबंधित अधिकारीले परिवर्तनशील नियम ल्याइदिए भने 'सोने में सुहागा' हुनेछ । सामाजिक संजाललाई मात्र मनोरंजनको वस्तु नठानेर सामाजिक, आर्थिक एवं साहित्यिक उन्नयनका लागि प्रयोग गर्न सकिन्छ र गरी रह्यो भने यसले भविष्यमा अरू क्षेत्रलाई लाभ पुर्याए समान साहित्यलाई पनि मजाले फक्राउनेछ ।

*-नेपाली साहित्य घर डटकम*

# पाल्पा जेसिजद्वारा बतासेडाँडामा वृक्षारोपण



**पाल्पा**, जेठ २३ /पाल्पा जेसिजले वातावरण दिवसको अवसरमा वृक्षारोपण गरेको छ । जेसिजले विभिन्न सरकारी निकाय, संघसंस्थाहरुको सहयोग, सहकार्य र समन्वयमा तानसेन नगरपालिका-५ बतासेडाँडामा वृक्षारोपण गरेको हो ।

जेसिजले ब्ल्यू जकरान्ड र गुल्मोहर प्रजातिका १ सय १५ विरुवा लगाएको छ । मानववस्तीका कारण बोटविरुवाहरु नास हुँदै जाँदा वातावरणमा नराम्रो प्रभाव परेकाले सचेतना जगाउन वृक्षारोपण गरिएको जेसिज पाल्पाका अध्यक्ष अर्जुन कार्कीले बताए । 'वातावरण सम्पूर्ण प्राणी जगत्को घर हो । तर, रुख विरुवा नासका कारण वातावरणीय ह्रास, प्रदूषण, प्राकृतिक प्रकोप, जलवायु परिवर्तनलगायत विभिन्न हानीकारक परिणामहरू निम्त्याउँदै गइरहेको छ,' उनले भने, 'हामीले वातावरणीय प्रदूषण कम गर्न र जनचेतना फैलाउन वृक्षारोपण र सचेतनाका गतिविधिहरु अगाडि बढाएका छौं ।' जेसिजले विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण, सरसफाई, वैकल्पिक ऊर्जायुक्त साधनहरूको प्रयोग र वातावरण प्रदूषण कम गर्न जनचेतनामूलक कार्यक्रमहरू गर्न अभियान नै चलाएको उनले बताए ।

अध्यक्ष कार्कीले पर्यापर्यटनको विकासका लागि समेत टेवा पुग्ने उद्देश्यले समेत विरुवा लगाइएको उल्लेख गरे । उनले विरुवाको संरक्षण समेत जेसिजले गर्ने बताए । तानसेन नगरपालिकाको सहयोग, डिभिजन वन कार्यालयको विरुवा तथा प्राविधिक सहयोग, बतासेडाँडा शिव मन्दिर सामुदायिक वन उपभोक्ता समिति, बतासेडाँडा टोलविकास संस्था,राधाकृष्ण टोलविकास संस्था,कैलाशनगर टोलविकास संस्था, प्रकाशपुर टोलविकास संस्था, देउराली टोलविकास संस्था, माछापुच्छे टोलविकास समिति लगायतका संघसंस्थाहरुको सहकार्यमा वृक्षारोपण गरिएको जेसिजले जनाएको छ ।

वृक्षारोपणपछिको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रदेश सांसद् वीरबहादुर रानाले स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई सार्थक बनाउन वृक्षारोपण कार्यक्रमले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । जलवायुजन्यको समस्या, हरितगृह ग्यास उत्सर्जनको कारणले भएको वातावरण प्रदूषणलाई कम गर्न वृक्षारोपण आवश्यक रहेको औल्याउदै उनले सबैले आफ्नो घर,सार्वजनिक स्थानहरुमा विरुवा लगाउनुपर्नेमा जोड दिए । सांसद रानाले वृक्षारोपण गरेर मात्र नहुने र त्यसलाई संरक्षण गर्नु पनि उत्तिकै जरुरी रहेको बताए । मानव जातिको महत्वाकांक्षा बढ्दै जाँदा भएको प्राकृतिको दोहनले विश्वव्यापी जलवायु परिवर्तन, जैविक विविधताको ह्रासका साथै बढ्दो प्रदूषण आज चुनौती बन्दै गएको डिभिजन वन कार्यालय पाल्पाका डिभिजन प्रमुख नारायणदेव भट्टराईले बताए । उनले विकासलाई वातावरणमैत्री बनाउन वृक्षारोपण आवश्यक रहेकाले वृक्षारोपण गरी विश्व वातावरण दिवस मनाएको चर्चा गरे । कार्यक्रममा नेपाली काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराई, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष तथा जेसिज पाल्पाका पूर्व अध्यक्ष शैलेन्द्र भट्टराई, संघका सचिव विदुर घिमिरे, तानसेन-१ का वडा अध्यक्ष सुनिल बस्याल, ३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, ४ का वडा अध्यक्ष हेमन्तराज शाक्य, ६ का वडा अध्यक्ष सागरमान महर्जन, कार्यपालिका सदस्य पुजा रावल, वडा सदस्यहरु मानबहादुर कार्की, यमबहादुर कार्की, कैलाशनगर टोलविकास संस्थाकी अध्यक्ष मालाती पौड्याल लगायतले अहिलेको अवस्थामा वृक्षारोपण अत्यावश्यक रहेको उल्लेख गरे । विभिन्न क्षेत्रबाट आएका १ सय ५० जना व्यक्तिहरुले वृक्षारोपण गरेका थिए । कार्यक्रम जेसिजका अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता, शाखा सम्पादक प्रकाश कार्कीको स्वागत, महासचिव विजय कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पर्यटन प्रवर्द्धनका लागि विद्यार्थीले गरे सरसफाइ




**पाल्पा**, जेठ २३/विद्यार्थीहरुले पर्यटन प्रवर्द्धनका लागि तानसेनमा सरसफाइ तथा विविध कार्यक्रम गरेका छन् । विश्व वातावरण दिवसको अवसरमा पाल्पा प्यारागन बोडिङ्ग स्कूलमा गठित राष्ट्रिय दीगो पर्यटन क्लव, ग्रीन फर गुड युथ क्लव र १.५ म्याक्स क्लवको संयुक्त आयोजनामा टोल सरफाइ तथा पर्यटन सम्बन्धी विभिन्न सचेतना कार्यक्रम गरिएको हो ।

यहाँका प्यारागन बोडिङ्ग स्कूल, पाल्पा आवासिय विद्यालय, न्यू होराइजन माध्यमिक विद्यालय, पद्मम पब्लिक माध्यमिक विद्यालयका विद्यार्थी, शिक्षकहरुले संयुक्त रुपमा भगवती टोलका विभिन्न क्षेत्रमा पुगेर सरसफाइ गरेको प्यारागनका शिक्षक रामु तिमिल्सीनाले बताए । पर्यटन, वातावरण र संरक्षणसँग सम्बन्धित प्लेकार्ड र ब्यानर बोकेका विद्यार्थी, शिक्षक र विभिन्न संस्थाहरुका व्यक्तिहरुले भगवटी टोलस्थित स्कूलबाट आँखा अस्पताल, पाल्पा आवासिय क्षेत्र, अन्नपूर्ण गार्डेन परिसर, शितलपाटी हुँदै शिवालय मन्दिरसम्मको सडक किनारमा फालिएका प्लास्टिकजन्य फोहोरहरू संकलन गर्दै परिक्रममा गरेका थिए । प्लास्टिकजन्य फोहोरका कारण वातावरणमा नकारात्मक प्रभाव पारेको भन्दै विद्यार्थीहरूले सचेतनामूलक प्रभातफेरि एवं सरसफाइ कार्यक्रम गरेको पाल्पा प्यारागन स्कूल व्यवस्थापन समितिका अध्यक्ष जगदीश भट्टराईले बताए । विद्यार्थीहरुलाई संरक्षण शिक्षा दिन सकेको खण्डमा समाज र देश परिवर्तन हुने भएकाले विश्व वातावरण दिवसको दिन विद्यार्थीहरुले सरसफाइ गरेको उनले बताए । अध्यक्ष भट्टराईले भने 'विद्यार्थीहरुलाई पढाइको अतिरिक्त वातावरण संरक्षण, पर्यटनको विकास गर्नु हामी सबैको दायित्व हो भन्ने शिक्षा दिनु पनि अहिलेको आवश्यकता हो, त्यसलाई हामीले महसुस गरेका छौं ।' विद्यार्थीहरुले सोही अवसरमा पर्यटन सम्बन्धित हाजिरीजवाफ कार्यक्रम समेत गरेका छन् । प्यारागनका विद्यार्थीले हरेक वर्ष दिवसका दिन वातावरण सरसफाइसँगै पर्यटन प्रवर्द्धनका कार्यक्रम गर्दै आएको प्यारागनका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । सरसफाइ कार्यक्रममा पद्मम पब्लिक माविका प्रअ विष्णु बराल, न्यू होराइजन माविका पूर्व प्रिन्सिपल भेषराज सुवेदी, पाल्पा आवासीयका शिक्षक कमल बस्याल, पर्यटन व्यवसायी धनिश्वर बस्याल लगायतका व्यक्तिहरुको समेत सहभागीता रहेको थियो ।

## खेलकुद समाचार

# कोशी प्रदेशस्तरीय खेलकुद असार ३ गतेदेखि




**मोरङ, जेठ २३**/कोशी प्रदेश खेलकुद विकास बोर्डले आउँदो असार ३ गतेदेखि प्रदेशस्तरीय विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने भएको छ । बुधबार पत्रकार सम्मेलनमा बोर्डका सदस्य सचिव कृष्ण बस्नेतले चालू आर्थिक वर्षमा बोर्डमार्फत कार्यान्वयन हुने खेलकुदको समय निर्धारण गरी खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएको जानकारी दिए ।

बोर्डले असार ३ गते पारा खेलकुद प्रयोगिता मोरङ र सुनसरीमा, मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबल मोरङको विराटनगरमा असार १५ गतेभित्र, प्रदेशस्तरीय पौडी प्रतियोगिता मोरङ र सुनसरीमा असार १५ गतेभित्र, प्रदेशस्तरीय महिला फुटबल प्रतियोगिता खोटाङमा असार ८ देखि १३ गतेसम्म, प्रदेशस्तरीय पुरुष फुटबल प्रतियोगिता तेह्रथुममा असार ३ देखि ७ गतेसम्म आयोजना गर्ने भएको छ । यसैगरी प्रदेशस्तरीय कबड्डी प्रतियोगिता विराटनगरमा असार ७ गतेदेखि, महिला सेल्फ डिफेन्स तालिम तथा योजना प्रशिक्षण मोरङ, झापा र सुनसरीका विभिन्न विद्यालयमा असार १५ गतेभित्र, प्रदेशस्तरीय कुरास प्रतियोगता सुनसरीमा असार १५ गतेभित्र, प्रदेशस्तरीय भारोत्तोलन प्रतियोगिता विराटनगरमा असार १३ गते तथा प्रशिक्षक विकासका लागि प्रशिक्षण कार्यक्रम मोरङ र तेह्रथुममा असार १५ गतेभित्र सञ्चालन हुने भएको छ ।

**वर्गिकृत डिस्प्ले**

*१X१ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६८, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# लुम्बिनी प्रदेशमा एक अर्ब १२ करोड ६३ लाखभन्दा बढी बेरुजु




**लुम्बिनी**, जेठ २३ /लुम्बिनी प्रदेशमा एक अर्ब १२ करोड ६३ लाखभन्दा बढी बेरुजु रहेको पाइएको छ । प्रदेश प्रमुख अमिक शेरचनसमक्ष बुझाइएको महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१ अनुसार त्यस्तो पाइएको हो ।

महालेखापरीक्षक लुम्बिनी प्रदेश कार्यालयका नायब महालेखापरीक्षक घनश्याम पराजुलीले प्रदेश प्रमुख शेरचनसमक्ष प्रतिवेदन पेस गरेको प्रतिवेदनमा यस वर्ष प्रदेश मन्त्रालय, समिति तथा अन्य संस्थासमेत गरी एक अर्ब १२ करोड ६३ लाख ४६ हजार बेरुजु कायम भएको उल्लेख छ । यस्तै, यहाँका एक सय नौ स्थानीय तहको रु ४ अर्ब ४८ करोड ९३ लाख १९ हजार बेरुजु बाकी रहेको देखिएको छ । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख शेरचनले आर्थिक अनुशासन र पारदर्शिता सबैले पालना गर्नुपर्ने बताए । उनले नियम कानुनको उल्लंघन गर्ने जोसुकै सजायको भागीदार बन्नुपर्नेमा समेत जोड दिए । यसैबीच लुम्बिनी प्रदेश मुस्लिम आयोगले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ । -रासस

## डढेलोबाट बचौं र बचाऔं ।

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन् त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई